[सन् २०२५ संस्करण]

**कृषि क्षेत्रमा विशिष्ट सीप भएका विदेशी कामदारको स्वीकृतिका उत्कृष्ट उदाहरणहरू**

## जापान भेजिटेबल कम्पनी (Nihon Agri, Inc.)

## ~सखरखण्डको निर्यात व्यवसाय विस्तार गर्दै, उत्पादन टोलीको नेतृत्व विदेशी कामदारले सम्हालिरहेका छन्~

<table>
<tr><td>आधारभूत जानकारी<br>स्थान: काकेगावा सहर, शिजुओका प्रान्त<br>मुख्य कम्पनी (Nihon Agri, Inc.)<br>खेती क्षेत्रफल: खुला जमिन ६ हेक्टर र २ वटा ग्रीनहाउस<br>मुख्य बाली: सखरखण्ड<br>कर्मचारी संरचना: २८ जना जापानी + ६ जना विदेशी (सबै इन्डोनेसियाली)<br>SSW (तह २) २ जना</td><td></td></tr>
<tr><td colspan="2">विशिष्ट पहल (करियर उन्नति र दक्षता बढाउनका लागि सहयोग)<br>① जापानी वा विदेशी जोसुकै भए पनि प्रत्येकलाई नेतृत्व पदमा उन्नति हुने स्पष्ट मार्ग देखाइएको छ।<br>हाल उत्पादन टोलीको नेतृत्व विदेशी कर्मचारीले सम्हालिरहेका छन्, वार्षिक उत्पादन योजना तयार पार्ने, प्रगति व्यवस्थापन गर्ने तथा ठूला उत्पादन क्षेत्रहरूमा कार्यरत कृषि</td></tr>
</table>

| |
|---|
| श्रमिकहरूको स्थल अवलोकन (भ्रमण) मा समेत सहभागी हुने गर्छन्।<br>② सवारी साधन, भारी उपकरण तथा फोर्कलिफ्ट आदि सञ्चालन अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्न आवश्यक खर्च कम्पनीले १००% बेहोर्नेछ। |
| [नयाँ प्रवेशमार्फत सखरखण्ड निर्यात व्यवसाय विस्तार]<br>① मुख्य कम्पनीले स्याउ निर्यात गर्दै आएकोले निर्यातसम्बन्धी राम्रो अनुभव छ। यसै आधारमा, एसियामा लोकप्रिय सखरखण्डको उत्पादन तथा निर्यात गर्ने क्षेत्रका रूपमा शिजुओकामा नयाँ रूपमा प्रवेश गरिएको हो। मानव संसाधनको अभाव भइरहेको अवस्थामा स्थानीय कम्पनीहरूले विदेशी नागरिकहरूलाई रोजगार दिइएको र उनीहरू अत्यन्त दक्ष रहेको जानकारी पाएपछि, व्यवसाय प्रारम्भसँगै SSW का विदेशी कामदारहरू लाई स्वीकार गरिएको हो। उजाड जमिनको पुनर्स्थापना गरी उत्पादन विस्तार गर्ने हाम्रो व्यवसायका लागि दक्ष जनशक्ति सुनिश्चित गर्नु अत्यावश्यक थियो।<br>② प्रारम्भमा दर्ता सहयोग संस्थालाई सहयोग शुल्क भुक्तानी गरिन्थ्यो तर खर्च भार अत्यधिक भएकाले हामी आफैले सहयोग गर्ने निर्णय गर्यौं। कागजात तयारी जस्ता कार्यहरू चुनौतीपूर्ण भए पनि, सो खर्चलाई मानव संसाधन भर्नामा प्रयोग गर्न सकिएकोले दक्ष विदेशी कामदारहरूको भर्ना थप विस्तार गर्न सम्भव भयो। यसले व्यवसाय विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ। |

**[करियर उन्नति सम्बन्धी पहल र सीप सुधारको लागि सहयोग]**

**(१) करियर उन्नति सम्बन्धी पहल**

① **कामदार स्वयंले भर्ने कार्यविवरण मूल्याङ्कन फारामको आधारमा वर्षमा दुई पटक मानव संसाधन मूल्याङ्कन तथा अन्तर्वार्ता सञ्चालन गरिन्छ, जसबाट तलब वृद्धि तथा पदोन्नतिको अवसर प्रदान गरिन्छ। जापानी वा विदेशी जोसुकै भए पनि फार्म प्रबन्धक, फिल्ड प्रबन्धक, प्रशिक्षक लगायत प्रत्येक टोली नेतृत्व पदमा उन्नति हुने स्पष्ट मार्ग प्रस्तुत गरिएको छ।**

② **प्रतिनिधि अथवा उत्पादन विभाग हुने मूल्याङ्कन अन्तर्वार्ताभन्दा अघि, मूल्याङ्कन फाराममा उल्लेख गरिएको विवरणले सम्बन्धित व्यक्तिको वास्तविक क्षमता यथार्थ रूपमा प्रतिबिम्बित गरेको छ कि छैन भन्ने सुनिश्चित गर्न उत्पादन टोलीका सबै सदस्य तथा व्यवस्थापन योजना कक्षका कर्मचारीहरूबीच बैठक गरी पुष्टि गरिन्छ।**

③ **हालको उत्पादन टोलीको नेतृत्व व्यवसाय सुरु भएदेखि काम गरिरहेको SSW तह १ को विदेशी कामदारले सम्हालिरहेका छन्।**

**(२) सीप विकासको लागि पहल र सहयोग**

① **टोली नेतृत्वकर्ताहरूले ठूला उत्पादन क्षेत्रहरूमा अन्य कृषि कार्यकर्ताहरूबाट प्रविधि सिक्ने उद्देश्यले आयोजना गरिने स्थल अवलोकन (भ्रमण) मा समेत सहभागिता जनाउँदै आएका छन्।**

② कम्प्युटर उपलब्ध गराई, भण्डार व्यवस्थापन, प्रगति अवस्थाको अनुगमनका लागि दैनिक प्रतिवेदन (रिपोर्ट) प्रविष्टि, तथा वार्षिक उत्पादन योजना तर्जुमा जस्ता संख्यात्मक व्यवस्थापनसम्बन्धी कार्यहरू सुरु गरिएको छ।

③ सवारी साधन, भारी उपकरण तथा फोर्कलिफ्ट आदि सञ्चालन अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्न आवश्यक १००% तालिम खर्च कम्पनीले वहन गर्छ। साथै, तालिम अवधिलाई समेत तलब भुक्तानीको दायरामा समावेश गरिएको छ। प्रशिक्षण संस्थासम्म आवतजावतमा खर्च भार नपरोस् भन्ने उद्देश्यले यातायात (पिकअप) सुविधा समेत प्रदान गरिएको छ। हाल ६ जनामध्ये ५ जनाले कुनै न कुनै प्रकारको अनुमतिपत्र प्राप्त गरेका छन्। तीमध्ये ४ जनाले फोर्कलिफ्ट, तथा ठूलो विशेष सवारी, मध्यम सवारी र साधारण सवारी अनुमतिपत्र प्रत्येकमा २-२ जनाले प्राप्त गरेका छन्।

④ SSW तह २ को परीक्षाका लागि आवश्यक कागजी प्रक्रियामा सहयोग प्रदान गरिएको छ। कम्पनीस्तरमा पूर्ण समर्थन प्रणाली अझै विकासको चरणमा भए पनि, परीक्षाको स्तर उच्च भएको र असफल भएमा बसोबासको हैसियत समाप्त हुने जोखिम रहने भएकाले, परीक्षा आवेदन प्रक्रिया तथा पाठ्यसामग्री मुद्रणमा सहयोग गरिएको हो। हाल २ जना तह २ उत्तीर्ण भइसकेका छन् र उनीहरूले व्यवसाय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। दीर्घकालीन रूपमा सँगै कार्य गर्न सक्ने सहकर्मीका रूपमा, उनीहरू बिना समयसीमा कार्यरत रहन सक्ने अवस्था कम्पनीका लागि अत्यन्त भरोसायोग्य रहेको छ।

**[विदेशी कामदारहरूसँगको अन्तर्वार्ता]**




रिओ जी (तह २ प्राप्त भएको)



बायाँ: रान्डी जी (तह १, उत्पादन टोली प्रमुख)
दायाँ: हान्डोको जी (तह २ प्राप्त भएको)

**① तपाईं किन जापानमा काम गर्न चाहनुहुन्छ र जापानमा कति समय काम गर्ने योजना छ?**

**रिओ: मेरो देशमा काम धेरै थिएन र जापानमा हुने कमाइ मेरो देशको भन्दा बढी छ, त्यसैले म आफ्नो परिवारका लागि पैसा कमाउन चाहन्थें। साथै म जापानी संस्कृति र काम गर्ने तरिका सिक्न चाहन्थें। म अबको केही वर्षसम्म काम गर्न चाहन्छु।**

**हान्डोको: जापानमा आफ्नो देशभन्दा बढी कमाउन सकिन्छ भन्ने लागेर आएको हुँ। साथै कृषि प्रविधि, विशेष गरी सखरखण्ड खेतीबारे सिक्न चाहन्छु। फर्कने समय हालसम्म निर्धारण गरेको छैन। मैले गत वर्ष SSW तह २ को परीक्षा पास गरें।**

**रान्डी: उच्च आम्दानी र कृषि प्रविधि सिक्ने उद्देश्यले आएको हुँ। सन् २०१६ मा जापान आएँ र अन्य फार्ममा प्राविधिक प्रशिक्षार्थीका रूपमा काम गरेपछि SSW तह १ को परीक्षा पास गरें। आगामी वर्ष तह २ परीक्षा दिने योजना छ। सम्भव भए भविष्यमा परिवारलाई पनि यहाँ बोलाउने चाहना छ।**

② तपाईंको कामको विवरण बताइदिनुहोस्।

रिओ: म छनोट कार्यमा पार्ट-टाइम कर्मचारीहरूको नेतृत्व गर्दै काम गर्छु। दैनिक कार्य तालिका तयार गरी, कुन उत्पादन कति परिमाणमा कहाँ पठाउने भन्ने निर्धारण गर्छु र कार्यस्थलमा निर्देशन दिँदै सम्पूर्ण कार्य व्यवस्थापन गर्छु।

रान्डी: सखरखण्डको बिरुवा उत्पादनदेखि खेत तयारी र कटनीसम्मका सम्पूर्ण कार्यमा संलग्न छु।

हान्डोको: मेरो र रान्डी जीको काम एउटै हो। हामी सँगै काम गर्दछौं।

③ कम्पनीमा काम गर्न कत्तिको सजिलो छ? काममा के कुराले प्रेरणा दिन्छ?

रान्डी: काम गर्न सजिलो छ यहाँ राष्ट्रियता जुनसुकै भए पनि सबै मिलेर काम गर्ने वातावरण छ, त्यो मलाई धेरै राम्रो लाग्छ। हाल म उत्पादन विभागको नेतृत्वमा छु र करियर उन्नतिको स्पष्ट मार्ग देखिने भएकाले प्रेरणा मिलेको छ।

हान्डोको: धेरै कुराहरूको जिम्मेवारी दिन्छ र सबैजना साथी भएकोले सँगै मिलेर काम गरौं भन्ने भावनाले गर्दा काम गर्न सजिलो छ। राष्ट्रियताको आधारमा काममा कुन भूमिका निर्वाह गर्ने अथवा कुन काम गर्ने भन्ने कुरा तोकिने गरिंदैन।

④ कार्यस्थलमा सञ्चार कस्तो भइरहेको छ? यसलाई प्रभावकारी बनाउन के-कस्ता प्रयासहरू गर्नुभएको छ?

रिओ: फल छनोट गर्ने ठाउँमा २० जना भन्दा बढी जापानी पार्ट-टाइम कामदारहरू हुनुहुन्छ। मैले त्यहाँ नेतृत्व लिने व्यक्तिसँग सल्लाह गर्ने र सबैलाई कामको निर्देशन दिन लगाउने गर्छु। साथै केवल मुखले भन्ने मात्र नभई आफै अघि सरेर काम गरेकोले गर्दा सबैले मलाई साथ दिइरहनुभएको छ।

⑤ कामको दौडान सुरक्षा र सरसफाइको सन्दर्भमा तपाईंले विशेष ध्यान दिने विषयहरू के-के छन्?

रिओ: सिपिङ कन्टेनरलाई लिफ्टले थुपार्ने बेला धेरै जनाले काम गरिरहेको ठाउँको छेउमा हुँदै जानुपर्ने भएकोले विशेष सावधानी अपनाइन्छ। एउटा कन्टेनरको तौल २० किलो भन्दा बढी हुन्छ र एउटा प्यालेटमा २४ वटा कन्टेनर राखेर त्यसलाई ३ देखि ४ तहसम्म थुपार्ने गरिन्छ। धेरै वटा लिफ्टहरू एकैसाथ चल्ने भएकोले कुनै खतरा नहोस् भनेर म विशेष ख्याल गर्छु।

रान्डी: कटनीपश्चात् ढुवानीका क्रममा म विशेष ख्याल गर्दै गाडी चलाउँछु।

हान्डोको: मेसिन चलाउँदा र विषादी छर्दा विशेष ध्यान दिन्थें। तर गत वर्षदेखि विषादी छर्न ड्रोनको प्रयोग भइरहेको छ।

**⑥ बसोबास तथा स्थानीय समुदायसँगको अन्तरक्रिया कस्तो छ?**

**रिओ: बसोबास स्थल छनोट केन्द्र नजिकै रहेको छ र साइकलबाट करिब ३ मिनेट लाग्छ। वातावरण सुविधाजनक छ। साथै, साथीहरूको आग्रहमा स्थानीय व्यायामशालामा भलिबल खेल्ने गर्छु।**

**रान्डी: रिओ र म एउटै ठाउँमा बस्छौँ। हामी २ जना सँगै बसेपनि हाम्रो आ-आफ्नै छुट्टाछुट्टै कोठा छ। मलाई कुनै असुविधा महसुस हुँदैन। म रिओसँगै भलिबल खेल्न जान्छु। यो विदेशीहरू र जापानीहरू सँगै मिलेर रमाइलो गर्ने एउटा राम्रो समूह हो।**

**⑦ तपाईंले SSW तह २ को परीक्षाको लागि कसरी तयारी गर्नुभयो?**

**रिओ: मलाई किताब पढेर अध्ययन गर्न त्यति मन पर्दैन तर परीक्षा हुनु भन्दा एक महिना अघिदेखि मैले यूट्यूब, मोबाइल तथा कम्प्युटरमार्फत पाठ्यसामग्री र प्रश्नसंग्रह अध्ययन गरी तयारी गरेँ। जापानी भाषाको लागि स्थानीय सामुदायिक भवनमा स्वयंसेवकको रूपमा सिकाउने व्यक्ति हुनुहुन्थ्यो। उहाँले जापानी भाषा परीक्षाको लागि किताबहरू मिलाइदिनुभयो।**

**हान्डोको: वेबसाइटमा उपलब्ध सामग्री अध्ययन तथा यूट्यूबमार्फत तयारी। यूट्यूबमा विषयअनुसार व्यवस्थित सामग्री तथा प्रत्यक्ष कक्षा जस्तै सामग्री भएकाले अध्ययनमा सहज भयो। साथै, सामुदायिक केन्द्रमा सञ्चालन हुने जापानी भाषा कक्षामा पनि सहभागी भएको थियो। जापानीहरूले स्वयंसेवकको रूपमा यस्ता सहयोग प्रदान गर्नु साँच्चै प्रशंसनीय कुरा हो।**

**⑧ भविष्यका लक्ष्य तथा मातृदेशमा योजना कस्तो छ?**

**रिओ: आगामी कति वर्षपछि भन्ने निश्चित छैन, तर मातृदेश फर्किएपछि पाम तेलका लागि प्रयोग हुने ताड खेती गर्ने योजना रहेको छ।**

**हान्डोको: अहिल्यै फर्कने कुरा त सोचेको छैनँ। तर फर्कें भने म आफ्नै पसल खोल्न चाहन्छु, त्यो चाहिँ जापानको सुपरमार्केट जस्तै पसल।**

**रान्डी: श्रीमतीलाई खाना पकाउन रुचि भएकाले भविष्यमा दुबै मिलेर क्याफे सञ्चालन गर्ने योजना रहेको छ।**